**निर्णय नं. १**

नेपाल सरकारले मिति २०७३/११/२७ गतेको मन्त्री परिषद्को निर्णय अनुसार देश भरका ७४४ स्थानीय तह (न.पा. र गाउँपालिका) घोषणा गर्ने क्रममा कपिलवस्तु जिल्लाका बुद्धवाटिका नगरपालिका, भृकुटी नगरपालिका, धनकौली, महुवा र मानपुर गा.वि.स. मिलाई बुद्धभूमी नगरपालिका घोषणा भएकोमा नेपाल सरकार संघीय ममिला तथा स्थानीय विकास मन्त्रालयलाई हार्दिक धन्यवाद ज्ञापन तथा कृतज्ञता व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

बुद्धभूमी नगरपालिका बनाउनका लागि साविकका नगरपालिका र गाउँ विकास समितिहरुको निर्णय अनुसार नेपाल सरकारद्धारा गठन भएको जिल्ला स्थानीय तह सिफारिस समितिले गरेको कार्यको उच्च मुल्याङ्कन गर्दै हार्दिक धन्यवाद ज्ञापन तथा कृतज्ञता व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

साविकका बुद्धवाटिका, भृकुटी नगरपालिका, धनकौली, महुवा र मानपुर गाउँ विकास समितिलाई समायोजन गरी बुद्धभूमी नगरपालिका बनाउनका लागि अहोरात्र खटिनु भएका कार्यकारी अधिकृत र गा.वि.स. सचिव एवं सम्पूर्ण कर्मचारी, राजनैतिक दलका सम्पूर्ण व्यक्तित्वहरु र सम्पूर्ण नगरवासीहरुमा यहाँहरुले गरेको उल्लेखनीय योगदानको मुल्याङ्कन गर्दै हार्दिक धन्यवाद ज्ञापन तथा कृतज्ञता व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

नेपाल सरकारद्धारा मिति २०५९ सालमा स्थानीय निकाय विघटन पश्चात कर्मचारी वर्गबाट १९ बर्ष लामो समय सम्म स्थानीय निकाय कार्यकुशलता पुर्वक सञ्चालन गरी स्थानीय तह घोषणा पश्चात निर्वाचित पदाधिकारीहरुलाई नगरपालिका कार्य कुशलता पुर्वक हस्तान्तरण गरेकोमा हालसम्म सञ्चालन गर्दै आउनु भएका सम्पूर्ण राष्टसेवक कर्मचारी वर्गहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

नेपाल सरकार मन्त्री परिषदको मिति २०७३।११।२७ को निर्णयानुसार स्थानीय तह घोषणा गर्ने क्रममा कपिलवस्तु जिल्लाको बुद्धवाटिका र भृकुटी नगरपालिका, धनकौली, महुवा र मानपुर गा.वि.स. मिलाई बुद्धभूमी नगरपालिका गठन भएकोले बुद्धभूमी नगरपालिकाको केन्द्र वडा नं. ४ बुड्ढी प्रतिक्षालय हनुमान चोक भनी माग भएता पनि घोषणा गर्ने क्रममा साविक भृकुटी नगरपालिकाको कार्यालयमा केन्द्र तोकिएकोले नेपाल सरकार स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ (क) को कार्य सञ्चालन र सेवा प्रवाह सम्बन्धी बुँदा नं. १ मा भएको व्यवस्था अनुसार नगरपालिकाको नाम वा केन्द्र परिवर्तन गर्नु परेमा निर्वाचन भएको मितिले ६ महिना भित्र सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतबाट प्रस्ताव पारित गरी नेपाल सरकारमा सिफारिस गरेमा केन्द्र परिवर्तन हुने भन्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाको केन्द्र बुद्धभूमी नगरपालिका वडा नं. ४ को लोक राजमार्गमा रहेको बुडढी प्रतिक्षालय हुनमान चोकमा पर्ने हुँदा यस बुद्धभूमी नगरपालिकाको केन्द्र बुड्ढी प्रतिक्षालय हनुमानचोक केन्द्र स्थापनाका लागि यस प्रथम नगर सभाको पूर्ण बहुमतबाट केन्द्र परिवर्तनका लागि सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

बुद्धभूमी नगरपालिका हाल संचालनमा रहेको वुड्ढी स्थित कार्यालय भवन नगरपालिकाको कार्यवोझको दृष्टिकोणले अपर्याप्त रहेको र यस स्थानमा भवन संरचनाको विस्तार गरी कार्यसंचालन गर्न जग्गाको अपर्याप्त भएकाले बुद्धभूमी नगरपालिका वडा नं ४ स्थित लोक राजमार्गमा पर्ने स्थानिय हनुमान चोकमा रहेको वन क्षेत्र भित्र पर्ने जग्गा नगरपालिकाले प्राप्त गरी दीर्घकालिन रुपमा नगरपालिकाको भौतिक संरचना निर्माण गरी नगरपालिकाको कार्यालय संचालन गर्न र यस क्षेत्रमा शहरी विकासको रुपमा उपयुक्त देखिएकाले उक्त जग्गा प्राप्तिका लागि सम्वन्धित निकायहरुमा आवश्यक प्रक्रियाको लागि उपयुक्त पहलकदमी अगाडी  वढाउने निणर्य गरियो।

**निर्णय नं. ७**

बुद्धभूमी नगरपालिका कार्यालयको आफ्नो भवनको व्यवस्था नहुँदा सम्म साविक भृकुटी नगरपालिकाको कार्यालयबाट दैनिक प्रशासनिक कामकाज सञ्चालन गरियो। साथै यस नगरपालिकाको स्थापना दिवस प्रत्येक वर्षको फागुन २७ गते मनाउने निर्णय गरियो।

**निर्णय नं. ८**

बुद्धभूमी नगरपालिका घोषणा पश्चात कायम भएका वडाहरु साविक नगरपालिका र गाउँ विकास समितिहरु रहेको र ती वडाहरुको केन्द्र तपसिल अनुसार रहने भनी निर्णय गरियो।

### साविक नगरपालिका, गा.वि.स. हरु र हाल कायम भएका नगरपालिकाका वडा र केन्द्रहरु

| क्र.स. | बुद्धभूमी न.पा.का वडाहरु | | साविक न.पा./गा.वि.स. | साविक न.पा.र गा.वि.स.का वडाहरु |
|---|---|---|---|---|
| | वडा नं. | वडा केन्द्र | | |
| १ | १ | भेलाई | बुद्ध वाटिका नगरपालिका | १२, १३, १४, १५, १६ |
| २ | २ | गोरुसिङ्गे | बुद्ध वाटिका नगरपालिका | १, २, ३, ४, ५ |
| ३ | ३ | रनगाई | बुद्ध वाटिका नगरपालिका | ६, ७, ८, ९, १०, ११ |
| ४ | ४ | बुड्ढी | भृकुटी नगरपालिका | ६, ७, ८, |
| ५ | ५ | राजपुर | भृकुटी नगरपालिका | ९, १० |
| ६ | ६ | महुवा | महुवा गा.वि.स. | १, २, ३, ४, ५, ६, ७, ८, ९ |
| ७ | ७ | मानपुर | मानपुर गा.वि.स. | १, २, ३, ४, ५, ६, ७, ८, ९ |
| ८ | ८ | हरिहरपुर | भृकुटी नगरपालिका | १, २, |
| ९ | ९ | बकुलीपुर | भृकुटी नगरपालिका | ३, ४, ५ |
| १० | १० | धनकौली | धनकौली गा.वि.स. | १, २, ३, ४, ५, ६, ७, ८, ९ |
| | | | | |

**निर्णय नं. ९**

बुद्धभूमी नगरपालिका लाई आवश्यक पर्ने तपसिलका ऐन, नियामावली, कार्यविधि तथा विधेयकहरु स्वीकृत गरी लागू गर्ने निर्णय गरियो।

**१. बुद्धभूमी नगरपालिका पदाधिकारीहरुको आचारसंहित २०७४**
**२. बुद्धभूमी नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४**
**३. बुद्धभूमी नगर कार्यपालिकाको (कार्यविभाजन) नियमावली २०७४**
**४. बुद्धभूमी नगर कार्यपालिकाको (कार्य सम्पादन) नियमावली २०७४**
**५. बुद्धभूमी नगर कार्यपालिको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४**
**६. बुद्धभूमी नगरपालिकाको नगर सभा सञ्चालन कार्यविधि २०७४**
**७. बुद्धभूमी नगरपालिकाको आर्थिक ऐन २०७४**
**८. बुद्धभूमी नगरपालिकाको विनियोजन ऐन २०७४**

**निर्णय नं. १०**

बुद्धभूमी नगरपालिका घोषणा हुनु पूर्व साविकका बुद्धवाटिका र भृकुटी नगरपालिका तथा महुवा, मानपुर र धनकौली गा.वि.स. हरुले २०७३ साल पुष मसान्त भित्र आर्थिक वर्ष २०७४/७५ का लागि परिषद् गरिएकोमा मिति २०७३/११/२७ गते स्थानीय तह घोषणा गर्ने क्रममा बुद्धभूमी नगरपालिका घोषणा भई मिति २०७४/३/१४ गते स्थानीय तह अन्तर्गत जनप्रतिनिधिहरुको निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधिहरु बहाली भई सकेको सन्र्दभमा नेपालको संरचना नै बदलिएको परिवेशले गर्दा स्थानीय निकाय संरचनामा कर्मचारी वर्गबाट भएको परिषद्लाई बदर गरी नयाँ संरचना अन्तर्गत जनप्रतिनिधिबाट जनताका योजना तथा कार्यक्रम छनौट गर्ने पद्धतिलाई नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

यस आ.व. २०७४/७५ को बार्षिक बजेट नीति तथा कार्यक्रम तयारीका लागि मिति २०७४/४/३० गतेको नगर कार्यपालिकाको बैठकबाट गठित राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति, विषयगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति र चालु तथा प्रशासनिक खर्च निर्धारण समिति गठन भई राजस्व परामर्श समितिले राजस्वका दररेटहरु निर्धारण, श्रोत अनुमान तथा सीमा निर्धारण समितिले नगरपालिकाको आ.व. २०७४/७५ को अनुमानित बजेट र खर्च शिर्षकहरुको सीमा निर्धारण, चालु तथा प्रशासनिक खर्च निर्धारण समितिले चालु तथा प्रशासनिक खर्चको अनुमानित विवरण र ६ वटा विषयगत समितिहरुले सम्बन्धित विषयहरुमा नीति तथा कार्यक्रमहरु तर्जुमा गरी आ.व. २०७४/७५ का लागि बार्षिक बजेट तयारीको सन्दर्भमा वडा भेला गरी वडा स्तरबाट प्राथमिकता निर्धारण भै आएका आयोजनाहरुको विवरण मिति २०७४/५/२५ गतेको दिन बसेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा पेश हुन आएकोले उक्त समितिमा दफावार छलफल भै उक्त बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आ.व. २०७४/७५ का लागि वार्षिक बजेट नीति तथा कार्यक्रमका लागि प्राप्त सुझाव एवं सिफारिस सहित मिति २०७४/५/२६ गते बसेको नगर कार्यपालिकाको बैठकमा पेश हुन आएकोले बजेट नीति तथा कार्यक्रमहरु प्रत्येक दफावारमा छलफल भै संशोधन सहित स्वीकृतका लागि प्राप्त सुझाव एवं सिफारिस सहित मिति २०७४/५/२७ गते बसेको बुद्धभूमी नगरपालिकाको प्रथम ऐतिहासिक नगर सभामा नगर प्रमुख द्वारा प्रस्तुत भै, प्रत्येक बजेट नीति तथा कार्यक्रमको प्रत्येक बुँदा बुँदामा दफावार छलफल भै नगर सभाका सदस्य ज्यूहरुलाई स्वीकृतका लागि समय सीमा निर्धारण गरी उक्त बुदाहरुलाई क्रमबद्ध रुपमा नगर सभा द्वारा प्राप्त सुझाव एवं सिफारिसलाई ग्रहण गर्दै स्वीकृत सहित स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिगर्दशन २०७४ ले निदिष्ट गरे बमोजिमको ढाँचामा तयार पारी चालु आ.व. २०७४/७५ को निम्नानुसारको बार्षिक बजेट नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

# प्रथम नगर सभाबाट पारित गरिएका लक्ष्य उद्देश्य, नीति तथा कार्यक्रमहरू :

**लक्ष्य :**

बुद्धभूमी नगरपालिकालाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रुपबाट समून्नत, आत्मनिर्भर र स्वावलम्बी बनाउने।

**उद्देश्य :**

स्थानीय सरकारको रुपमा बुद्धभूमी नगरपालिकाको सक्षम तथा दुरदृष्टि पूर्ण नेतृत्वमा सरकारी तथा गैर सरकारी क्षेत्र, निजी क्षेत्र एवं समुदाय सहितको संयुक्त सहभागितामा उपलब्ध श्रोत साधनहरुको समुचित परिचालन गरी आर्थिक तथा सामाजिक असमानतालाई कम गर्दै शहरी सुशासन एवं पारदर्शिता कायम गरी समानूपातिक एवं समावेशी विकासको अवधारणा बमोजिम नगरपालिकाको पूर्वाधार विकासको साथै नगर वातावरण सुधारका लागि सामाजिक क्षेत्रमा लगानी वृद्धि गरेर लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत र आर्थिक तथा सामाजिक उन्नतिमा पहूंच वृद्धि गर्न गरिबी न्यूनिकरणका कार्यक्रमहरु संचालन गर्ने र नगरपालिकालाई संस्थागत रुपमा सबल, सक्षम एवं आत्मनिर्भर बनाउदै लैजाने आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रमको मूख्य उद्देश्य हुनेछ।

**प्राथमिकता :**

उपरोक्त उद्देश्य प्राप्तिका लागि बुद्धभूमी नगरपालिकावाट निम्न बमोजिमको प्राथमिकताको आधारमा विषयगत क्षेत्रगत नीति, कार्यक्रम तर्जूमा गरिनेछ।

१.नगरपालिका को वर्तमान योजना पद्धतिमा परिमार्जन गरी दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यसंग सामन्जस्य हुने गरी आवधिक योजना सहितको गुरुयोजना गरिवी न्युनीकरण रणनीति पत्र र अन्य विषयगत तथा क्षेत्रगत योजनाहरुको तर्जुमा गर्ने।

२. वित्तीय विकेन्द्रीकरणको भावना अनुसार नगरपालिकाले लगाउन र उठाउन पाउने कर तथा गैर कर राजश्वका बृहत क्षेत्रहरुको पहिचान, संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगको सहकार्य गर्दै आन्तरिक तथा बाह्य राजश्वका नयाँ श्रोतहरुको पहिचान र उपलब्ध श्रोतहरुको अधिकत्तम परिचालन गर्ने।

३. नगर आधारभूत सेवाहरु जस्तै सडक यातायात संजाल विकास, विस्तार एवं स्तरोन्नती, सफा खानेपानी, ढल निकास, सरसफाई एवं वातावरण सन्तूलन र विकास गर्ने।

४. महिला, बालबालिका, अशक्त अपांग, दलित, आदिवासी, जनजाती, पिछडिएका वर्ग र विपन्न तथा सिमान्तकृत समुदायको विकास गर्ने।

५. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका स्थानीय सरकार, स्थानीय निकायसंग सम्बन्धित संघसंस्थाहरुसँग भगिनी सम्बन्ध विकास तथा विस्तार गर्ने।

६. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, संचालन तथा व्यवस्थापनसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाई सूचना प्रविधिको अधिकतम उपयोग गर्ने।

७. नगरपालिका तथा सरोकारवालाहरुको संस्थागत क्षमता सुदृढिकरणका लागि नगर क्षमता विकास योजना कार्यान्वयन गर्ने।

८. प्रकोप व्यवस्थापन योजना तर्जूमा तथा कार्यान्वयन गर्ने।

९. समुदायमा आधारित नगर विकास संस्थाहरु र अन्य सहयोगी सघसंस्थाहरुको सशक्तिकरण गर्ने।

१०. नगरपालिका लाई पुर्ण खोप, पुर्ण साक्षर तथा खुला दिसा मुक्त घोषणा गर्दै पुर्ण सरसफाई यूक्त नगरपालिका घोषणा गर्ने।

**नीति तथा कार्यक्रम :**

आ.व.२०७४/०७५ को वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दीर्घकालीन लक्ष्य, उद्देश्य तथा प्राथमिकता क्षेत्रहरुका अतिरिक्त देशले अंगिकार गरेको सहसश्राव्दी विकास लक्ष्य, त्रिवर्षिय योजना, राष्ट्रिय योजना आयोगको मार्ग निर्देशन, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको नीति निर्देशन, नेपाल मानव विकास प्रतिवेदन र नगरपालिकाको आवधिक योजना समेतलाई आधारको रुपमा स्वीकार गरिएको छ। यसका साथै प्रचलित स्थानीय स्वायत्त शासन ऐन, नियम तथा अन्य कानून बमोजिम क्रियाशील समिति, कार्यदल, विषयगत संघसंस्थाहरुबाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरुको आधारमा देहायका नीति तथा कार्यक्रमहरु अवलम्वन गरिने छ।

## पूर्वाधार तथा भौतिक विकास सम्बन्धी नीति

१. नेपाल सरकार तथा एसियाली बिकास बैकको ऋण तथा अनुदान सहयोगमा सञ्चालित मझौला शहर एकिकृत शहरी वातावरणिय सुधार आयोजनालाई सञ्चालनमा ल्याउन आवश्यक कार्यहरु गरिनेछ।

२. ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी सामजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सामान्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिइने छ।

३. वातावरणीय प्रभाव, मूल्याङ्कन अध्ययन (EIA, IEE) गर्ने कार्यलाई जोड दिइनेछ।

४. पूर्वाधार कार्यमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकता का साथ सञ्चालन गरिनेछ।

५. यस नगरपालिकालाई स्वास्थ्य सेवा केन्द्रका रुपमा विकास गर्न सामुदायिक अस्पताल, मेडिकल कलेज स्थापना गर्न दातृ निकाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्रलाई आकर्षित र प्रोत्सहित गरिनेछ। त्यस्तो कार्यका लागि सडक, खानेपानी जस्ता न्यूनतम पूर्वाधार निर्माणका लागि सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

६. जनसहभगितामा आधारित कार्यक्रमलाई महत्व दिने नगरपालिका सहभागिता अनुपात क्रमशः क्षेत्रानुसार ५०/५० र ७०/३० का आधारमा आयोजना कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। तर आर्थिक सामाजिक रुपमा पछाडि परेको वस्ती ऐतिहासिक क्षेत्र र तटबन्ध निर्माण योजना सहभागिता गर्दा नगरपालिका को निर्णय अनुसार गरिने छ।

७. पूर्वाधार निर्माण गर्दा महिला मैत्री, बाल मैत्री तथा अपाङ्ग मैत्री भवन निर्माण गर्ने नीति लिइनेछ।

८. नगरपालिकाको भौगोलिक सूचना प्रणाली GIS योजना कार्यान्वयनमा ल्याइनेछ।

९. भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई प्रभावकारी बनाइनेछ।

१०. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरकफरक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ।

११. नगरपालिकाको पहिचान दिने, रोजगारी र स्वरोजगारीता सृजना गर्ने, स्थानीय श्रोत साधानको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै जाने नीति लिइने छ।

१२. वैकल्पिक उर्जा प्रवर्धन गर्ने कार्यलाई प्रोत्साहित गर्दै लगिनेछ।

१३. नगरपालिका क्षेत्रका सार्वजनिक जग्गाको संरक्षण वडा समिति, न.पा. कार्यपालिका र समुदायको सहभागितामा गरिनेछ।

१४. शहरी योजना तथा भवन निमार्ण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईने छ।

१५. नगरपालिका भित्रका सबै वडाहरुमा एउटै प्रणालीको बिद्युत उपलब्ध गराउन र पूर्ण रुपमा लोडसेडिङ हटाउन पहल गरिनेछ।

१६. बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहर मैलाको रुपमा बायो ग्यासको बिकास गरिनेछ।

१७. पुरानो बजारलाई क्रमसः सुधार गरि सडक चौडा गर्ने, ढल तथा नालाको ब्यवस्था गरिनेछ।

१८. नया बजार र नया बस्ती बिकासका लागी योजनाबद्ध बिकास गरिनेछ। Land Pooling को माध्यमबाट ब्यवस्थित बजार र बस्तीको बिकास गरिनेछ।

१९. नगरको सबै वडाहरुमा ठुला योजनाहरु सडक, खानेपानी, सिचाँई, एवं अन्य पूर्वाधार निमार्णमा DPR निमार्ण गरी ब्यवस्थित रुपमा कार्य गरिनेछ। नगर भित्रका पुर्वाधार निमार्ण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रान्त/संघस्तरीय योजना गरी ३ तहमा वर्गिकरण गरी कार्यान्वयन गरिनेछ।

२०. नगर यातायात र नगर ग्रामिण यातायातलाई ब्यवस्थित बनाईनेछ र सुरक्षित बनाईनेछ। साथै मापदण्ड तोकि रुट परमिटको ब्यवस्था गरिनेछ।

२१. पार्किङ ब्यवस्थित गराईनेछ। सडक पार्किङ निषेध गरिनेछ।

२२. वडा कार्यलयको भवन नभएको ठाउँमा क्रमशः वडा कार्यलय भवनको निमार्ण गरिनेछ।

२३. नयाँ नापी गराई बाटोलाई लगत कट्टा गरी सार्वजनिक बनाईनेछ।

२४. यस बुद्धभूमी नगरपालिकामा एक आधुनिक र व्यवस्थित बस पार्क आवश्यक देखिएकाले सो स्थापना गर्न पहल गरिने छ।

## राजस्व परिचालन एवं अभिवृद्धि सम्बन्धी नीतिहरू :

१. वार्षिक पेशा व्यवसाय करका श्रेणी तथा दर बमोजिम करदाता पहिचान गर्ने सम्बन्धमा पेशा व्यवसायको प्रकृति आकार एवं ठाउँ विशेषको आधार लिइने छ। पेशा व्यवसायको प्रतिनिधि मुलक संघ-संस्थाहरुबाट नगरपालिकाद्धारा तोकिएको दरवन्दीका आधारमा पेशा व्यवसायका करदाता प्रष्ट्याई श्रेणी निर्धारण गरी सहयोग भएमा सहमतिका आधारमा कर अशुली व्यवस्थापनलाई सहज बनाउन प्रतिनिधिमुलक संघ-संस्थाहरुको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. बजेट दरबन्दीमा तोकिएको व्यवसायको प्रकार, प्रकृति र श्रेणी अनुसारको दररेटमा कर भुक्तानी गर्न नसक्ने अति न्यूनस्तरको कुना काप्चा तथा अति कम चल्ती फिरती हुने ठाउँमा रहेका व्यवसायलाई श्रेणी विहिन मानी न्यूनतम कर लिई करको दायरालाई लचिलो तथा फराकिलो पारिनेछ।

३. अपाङ्ग असहाय, अशक्त, दैवी प्रकोप पीडित, द्वन्द्व पिडित, जेष्ठ नागरिक (दलित ६० बर्ष र अन्य ७० बर्ष माथिका) जस्ता सम्बन्धित सिफारिस निःशुल्क तथा कार्य प्रक्रृती अनुसार न्यूनतम राजश्व लिई गरिने छ।

४. पेशा व्यवसाय कर लिदा एउटै फर्मबाट फरक फरक प्रकृतिका व्यवसाय संचालन गरेकाको हकमा तोकिए बमोजिमको फरक फरक प्रकृतिका व्यवसाय करको दरले हुन आउने रकम जोडी व्यवसाय कर लिईने छ।

५. कुनै कार्यका लागि सडक क्षेत्रमा टेण्ट लगाउनु पर्ने भएमा सार्वजनिक आवागमनमा अवरोध नहुने गरी प्रतिदिन प्रति व.फि.रु. १.५० का दरले शुल्क लिई स्वीकृति दिन सकिने छ। विना स्वीकृति टेण्ट लगाएको पाईएमा लाग्ने शुल्क बराबर थप जरिवाना लिन सकिनेछ। सोको लागि टेन्ट व्यवसायी हरुले विषेश ध्यनदिनुपर्ने छ।

६. श्रोत परिचालन र व्यवस्थापनमा नगरपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको पहिचान, विश्लेषण, प्रक्षेपण र परिचालन गरिनेछ।

७. श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा वृद्धि गरिनेछ। सबै करदाताहरुको सहभागितामा राजश्व अभिवृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गरिदै लगिनेछ।

८. कर शुल्क, दस्तुर असुली कार्यलाई उपयुक्त संयन्त्र निर्माण गरी प्राथमिकताका साथ अगाडी बढाई बक्यौता बिहिन बनाउने प्रयास गरिने छ।

९. राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउन नगरवासीहरुलाई सेवा सुविधा उपलब्ध गराउँदा. नगरपालिका मा भुक्तान गर्नुपर्ने कुनै कर शुल्क दस्तुर बाँकी नरहेको आधारमा सेवा सुविधा उपलब्ध गराउने नीति लिइनेछ।

१०. आफ्नो वा संगोल परिवार (एकाघरका सदस्य) ले नगरपालिका लाई भुक्तान गर्नुपर्ने कर शुल्क, दस्तुर समयमा भुक्तान नगरी बक्यौता कायम राख्ने करदातालाई नगरपालिकाबाट प्रदान गरिने कुनै पनि सिफारिस सेवा सुविधा रोक्का गरिनेछ तर कुनै कर शुल्क दस्तुर भुक्तान गर्ने समयावधि रहेको अवस्थामा (चालु आ.व.) त्यस्तो बन्देज गरिने छैन।

११. नगरपालिका भित्र सहयोग गर्न विभिन्न विकास/उपभोक्ता समितिहरुमा कर्मचारीहरुलाई आवश्यकता अनुसार खटाउन सकिने छ तर त्यसरी खटिने कर्मचारीहरुलाई संयुक्त वा एक्लै खाता खोली आर्थिक कारोबारमा संलग्न गराइने छैन।

१२. स्थानीय स्वयत्त शासन ऐन २०५५, स्थानीय निकाय (आर्थिक प्रशासन नियमावली २०५६ र नेपाल सरकारको नीतिगत निर्णय बमोजिम जिल्ला समन्वय समिति मार्फत नगरपालिकाले प्राप्त गर्नुपर्ने रोयल्टी, जग्गा रजिष्ट्रेशन, लगायतका राजश्व बाँडफाँड रकमलाई स्पष्ट र नियमित गराउने प्रयास गरिनेछ।

१३. वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई अवलम्वन गरिनेछ। सम्पूर्ण करदातालाई स्वःस्फूर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाइनेछ। नगरपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मानित गर्ने व्यवस्था को श्रृजना गरिनेछ।

१४. नगरपालिकाद्धारा गर्ने राजश्व सम्बन्धी निर्णय र आर्थिक कारोबारमा पारदर्शिता र सहभागिता प्रवर्द्धन गरिनेछ।

१५. नगरपालिकाको श्रोतसाधन र सम्पतिको उच्चतम प्रयोग र परिचालनद्धारा प्रशानिक एवं अनुत्पादक खर्चमा नियन्त्रण गरी विकास कार्यमा गरिने पूँजीगत लगानीमा वृद्धि गर्दै लगिनेछ।

१६. नगरपालिकाले उठाउने कर दस्तुर तथा शुल्कलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी तुल्याउन आवश्यक अनुसार कार्यविधि निर्देशिका तयार गरी लागू गरिनेछ।

१७. नगरपालिकाको विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमीलाई पूर्ति गर्न नेपाल सरकार, दातृ निकाय तथा संघ-संस्था र नीजि क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं वाह्य क्षेत्रका निकाय संग समन्वय गरी श्रोतको अधिकतम परिचालन गरिनेछ।

१८. श्रोत परिचालनमा निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न PPP अवधारणामा आधारित कार्यक्रममा प्रतिस्पर्धात्मक पद्धतिका अतिरिक्त प्रस्तावका आधारमा (सम्झौता) Negotiation पद्धतिलाई समेत अवलम्बन गरिनेछ।

१९. बुद्धभूमी नगरपालिका अन्तरगतका हाटबजारहरु जस्ता स्थानमा पूर्वाधार सुधार गरी स्तरवृद्धि गरिदै लगिनेछ। उक्त क्षेत्रको सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गरिनेछ।

२०. नगरपालिकाद्धारा वहालमा लगाईएका सम्पत्तिहरुको वहाल बन्दोवस्त गर्दा प्रचलित बजारदरको आधारमा वहाल कायम गरी प्रतिस्पर्धात्मक वा (सम्झौता) Negotiation विधि/प्रक्रिया अपनाईनेछ।

२१. नदी नियन्त्रण तथा सडक मर्मत सुधार सेवा शुल्क सम्बन्धमा तोकिए बमोजिमको दरमा सडक मर्मत सुधार खर्च वापत शुल्क लिइनेछ। त्यस्तो शुल्क संकलनमा स्थानीय उपभोक्ता समितिहरुलाई प्राथमिकता दिईनेछ।

२२. विशेष परिस्थितिमा उल्लेखित कर/शुल्क/दस्तुर आदिका दरबन्दीहरुमा कार्यान्वयको समयमा समस्या पर्न आएमा आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी नगर कार्यपालिका बोर्डबाट कर/शुल्क/ दस्तुरमा आवश्यकता बमोजिम हेरफेर गर्न सकिनेछ।

२३. विषयगत कार्यालयहरुसंग समन्वय र सहकार्य गर्ने कार्यको अवलम्वन गरिने छ।

२४. करका दायरालाई फराकिलो बनाउँदै लैजाने र नयाँ श्रोतको खोजीगरी राजश्व वृद्धि गर्ने नीति लिइनेछ।

२५. विषयगत कार्यालयहरुसंग समन्वय र सहकार्य गरी राजश्व असुली कार्यलाई थप प्रभावकारी बनाइनेछ।

२६. उपभोक्ता समिति मार्फत सञ्चालन हुने कुनै पनि योजनाहरुको सम्भौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरु र योजनाबाट लाभाविन्त हुने उपभोक्ताहरुले नगरपालिका लाई बुझाउनु पर्ने कर शुल्क  चुक्ता गर्न अनिवार्य गरिनेछ।

२७. आगामी आ.व. देखी एकीकृत सम्पत्ती कर लागु गर्न चालु आ.व.मा तयारी पुरा गरिनेछ।

२८. यसका लागी आवश्यक बजेट ब्यवस्था चालु आ.व.मा गरिनेछ।

## सुशासन प्रवर्धन, संगठन विकास  र कार्यालय व्यवस्थापन सम्बन्धी नीतिहरू :

१. नगरपालिका कार्यालयको कार्यलाई प्रभावकारी जनमुखी, जवाफदेहीता, पारदर्शिता, मितव्ययीता तुल्याउन कार्यबोझ तथा समयानुकुल व्यवस्थापनको लागी संगठन विकास ढाँचा तयार गरिनेछ।

२. नगरपालिकाको वस्तु स्थिती झल्कने श्रोत नक्सा, आवधिक नगरविकास योजना, जातिगत तथ्याङ्क तयार पारिनेछ।

३. नगरबासीहरुका लागी आधुनिक सेवा प्रवाहमा उत्कृष्ट कार्य गर्ने नगरपालिका हरुको कार्य प्रकृति अभिलम्बन गर्न कर्मचारीहरुलाई अध्ययन भ्रमणका लागि अवसर प्रदान गरिनेछ।

४. नगरपालिकावाट प्रदान गरिने सेवाहरु असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकलाई सेवामा अग्राधिकार दिइनेछ।

५. पारदर्शिता एवं सुशासनका लागि नगरपालिका संग सम्बन्धित सूचनाहरुलाई प्रभावकारी बनाइनेछ।

६. कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन पद्धतिलाई प्रभावकारी वैज्ञानिक र जवाफदेही बनाइ दण्ड र पुरस्कारको नीतिलाई व्यवस्थित गरिनेछ।

७. नेपाल सरकारबाट जारी गरिएको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन निर्देशिकालाई सबै शाखा, उपशाखाको कार्यसम्पादनको आधार बनाइनेछ।

८. नगरपालिकाको संस्थागत क्षमता तथा मानव संसाधन विकासका गतिविधिहरुलाई क्षमता विकास योजनाले निर्दिष्ट गरे बमोजिम कार्यान्वियन गरिनेछ।

९. सुशासन जनताको समिपमा सेवा सुविधा, दीगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधार विकास, आर्थिक अवसरमा बृद्धि र त्यसमा जनताको सहज पहुँच तथा सामाजिक सशक्तीकरणलाई विकास प्रयासका प्राथमिकता क्षेत्रको रुपमा लिई वार्षिक कार्यक्रम तर्जुमा गरिनेछ।

१०. नगर विकास क्षेत्र भित्र निर्माण सामग्री जथाभावी थुपार्ने, पशु बस्तु र घरपालुवा कुकुर छाडा छाड्ने तथा सडकमा आवागमन अवरोध पुग्ने गरी पसल राख्ने कार्य निरुत्साहित गर्दै लगिनेछ।

११. जनसहभागिता मुलक तथा नतिजामुखी सार्वजानिक सेवा प्रवाहका निम्ति संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय एंव जिल्ला समन्वय

समितिसँग गरिएको कार्य सम्पादन सम्झौता अनुरुप भू-उपयोग कार्यक्रम, भवन आचार संहिता, सडक मापदण्ड, राजश्व परिचालन ,पूर्ण खोप, घरभित्रको प्रदुषित धुवा रहित कार्यलाई अगाडी बढाईनेछ।

१२. सुशासन कार्यान्वयनतर्फ सार्वजनिक सुनुवाई र उपभोक्ता समितिवाट सार्वजनिक परिक्षणलाई विस्तार गर्दै लगिने छ। सुशासन ईकाई र सार्वजनिक खरिद ईकाईलाई सकृय पारिनेछ। आयोजना स्थापना होर्डिडबोर्ड राख्ने खर्च सार्वजनिक गर्ने कार्यालयमा उजुरी पेटिका राख्ने सहयोगी कक्ष स्थापना गर्ने गुनासो सुन्ने अधिकारी र सम्पर्क अधिकारी तोक्ने, डिजिटल नागरिक वडापत्र संचालनमा ल्याउने गरी सेवा प्रवाहमा प्रभावकारीता बढाउने प्रयास गरिनेछ।

१३. संघिय सरकार, प्रादेसिक सरकार र स्थानिय तहको ऐन नियमानुसार नगर कार्यपालिकालाई आवश्यक पर्ने श्रोतको ब्यवस्था हेरी संगठन, संरचना र दरबन्दी श्रृजना गर्न अध्ययनको Organization Development (OD) आधारमा पदपुर्ति गरिनेछ।

१४. नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, बिश्वसनियता, क्षमतायूक्त र प्रभावकारी बनाउदै अत्यावश्यक रिक्त दरबन्दिहरुमा उपयुक्त प्रकृयाबाट पदपुर्ति गरिनेछ।

१५. सुशासन स्थापना गर्नका लागी आवश्यक कानुन, नियम, बिनियामावली, कार्यबिधि, आदीको निमार्ण Chain of Command गरी  निर्माण गरिने छ।

१६. सबै कर्मचारीहरुको कार्य विवरण बनाई लागु गरिने छ।

१७. नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शि एवं सेवाग्राही मैत्री तुल्याउन ब्यवस्थापकिय क्षमता अभिबृद्धिमा जोड दिईनेछ।

१८. नगरपालिकाको संस्थागत क्षमता बृद्धिका लागी भौतिक पुर्वाधार बिकास तथा अभिलेख प्रणालीलाई ब्यवस्थित गर्दै लगिने छ।

१९. उत्कृष्ट कार्य गर्ने नगरपालिका करदाता, उपभोक्ता समिति, संचारकर्मि, टोल बिकास समितिलाई पुरस्कृत गर्दै लगिने छ।

२०. नगर कार्यपालिकाको बैठकबाट स्वीकृत बुद्धभूमि नगरपालिकाको कार्य सम्पादन तथा कार्य बिभाजन नियमावलीको पुर्ण पालनामा जोड दिईने छ।

२१. नगरपालिकाको संगठन बिकास (आ.ई.) को लागी अध्ययन गराई सो बमोजिमका जनशक्ति पुर्ति गरिनेछ।

२२. नगरपालिकालाई आवश्यक मेशिनरी औजार, ढुवानीका साधन र सवारी साधनहरु खरिद गरिनेछ।

२३. सार्वजनिक स्थानमा जुवातास, मदिरा, लागू औषध कारोबार तथा सेवन गर्ने, होहल्ला गर्ने प्रवृत्तिलाई स्थानीय प्रहरी प्रशासनको समन्वयमा नियन्त्रण गरिने छ।

## मानव संसाधन सम्बन्धि नीति:

१. नगरपालिका कार्यालय, वडा कार्यालय र बिषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा Chain of Command, सेवाग्राही प्रति उत्तरदायी र कर्मचारी आचारसंहिता निमार्ण गरी लागु गरिने छ। कार्यरत कर्मचारीको आचारसंहिता बनाई कार्यान्वयन गरिनेछ।

२. नगरपालिकाको व्यवस्थित बिकासका लागी सल्लाहकारहरु, बिषय बिज्ञ सल्लाहकार, Consultant र नगरको समुचित बिकासका लागी आवश्यक जनशक्ति नियुक्त गरिने छ।

३. कर्मचारीहरुलाई समय सापेक्ष बिभिन्न सीपमुलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

४. शाखा प्रमुखहरुसंग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ।

५. कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन गरी उत्कृष्ठ काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति लिईने छ।

## मर्यादा पालन सम्बन्धि नीति :

१. नगरसभा सञ्चालन कार्यबिधि २०७४ मा उल्लेखित मर्यादापालन सम्बन्धि विविध बिषयहरुलाई कडाईका साथ पालनामा जोड दिईने छ।

२. जननिर्वाचित प्रतिनिधिका लागि बनाईएको आचारसंहिता कडाईका साथ लागु गरिने छ।

३. नगरसभाको बैठकबाट स्वीकृत संचालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिईने छ

## सामाजिक विकास तर्फ अवलम्बन गरिने नीतिहरू :

१. नगरपालिकाबाट विभिन्न संघसंस्थाहरुलाई प्रदान गरिने कार्यक्रमहरुको सार्वजनिक परीक्षण प्रतिवेदन नगरपालिकामा पेश गर्न लगाइने व्यवस्था मिलाइनेछ।

२. पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण सम्बन्धी कार्यलाई जोड दिइनेछ।

३. महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिईने छ।

४. विकास आयोजनाको सञ्चालनमा महिलालाई अनिवार्य सहभागी गराउने नीति लिइनेछ।

५. सामाजिक परिचालन, समावेशी र मूल प्रवाहीकरणमा जोड दिइनेछ।

६. फोहोरमैला व्यवस्थापन, तथा अन्य पूर्वाधार निर्माणका सम्बन्धमा सार्वजनिक निजी साझेदारी अवधारणलाई कार्यान्वयनमा ल्याउने प्रयास गरिनेछ।

७. शिक्षा र प्राथमिक स्वास्थ्य सेवालाई प्रभावकारी र न्यायोचित बनाइनेछ।

८. नगर स्वासथ्य केन्द्र हरु स्थापना सञ्चालन र स्तरोन्नतिमा पहल गरिनेछ।

९. फोहोरमैला व्यवस्थापन र सरसफाईमा सुधार गर्न सार्वजनिक निजी साझेदारी नीतिको अवलम्बन्न गरिनेछ।

१०. समग्र कृषि उत्पादन र बजारीकरणलाई प्रोत्सहित गरिनेछ।

११. गैर सरकारी संघ संस्थाहरु संगको सहकार्यलाई जोड दिइनेछ। नगर क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सबै गै.स.स.हरुलाई आफ्ना कार्यक्रमहरु नगर विकास योजनामा समावेश गर्नका लागि पेश गर्न लगाइनेछ।

१२. हरियाली प्रवर्धन गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१३. नगरपालिकामा क्रियाशिल व्यवसायिक संघ संस्थाहरुसंग सहकार्य गर्ने नीति लिईनेछ।

१४. नगर क्षेत्रका नदी, नाला, खोला खोल्सीहरुको प्रवाहलाई पूर्ण खुल्ला रहन दिने र जल स्वच्छता कायम गर्ने नीति लिइनेछ।

१५. राष्ट्रका लागि अमूल्य योगदान दिने व्यक्ति व्यक्तित्वको सम्मानमा सञ्चालन गरिने क्रियाकलापका लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ।

१६. नगरपालिका भित्र कार्यरत राष्ट्रिय/अन्तर्राष्टिय, गैरसरकारी संस्थाहरुसंग आवश्यक समन्वय गरी सामाजिक परिचालन र विकास निर्माणमा सहकार्य गरिनेछ।

१७. नेपाल सरकारले लिईएको तीन खम्बे अर्थनीति अनुसार सहकारीहरुलाई विकास निर्माणमा समेत परिचालन र समन्वय गरी साझेदारी कार्यक्रम अघि बढाइनेछ।

१८. नगर स्तरमा लक्षित विकसका कार्यहरु संचालन गर्न समन्वय समितिहरु गठन गरी कार्य संचालनको प्रकृया अगाडी वढाइनेछ र तिनिहरुको क्षमता विकास सम्बन्धि कार्य अगाडी बढाइनेछ।

१९. उपभोक्ता समिति,स्थानीय संघसस्था, टोल विकास समिति एंव कर्मचारीहरुको क्षमता विकासको लागी आवश्यकताका आधारमा कार्यक्रमहरु संचालन गरिनेछ।

२०. टोल विकास तथा सामुदायिक संघ संस्थाहरुको सहयोग, समन्वय र सत्रियतामा सामुदायिक विकासका कार्यत्रम संचालन गरिनेछ।

२१. सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संस्थागत विकास, आयमूलक एवं सीपमूलक कार्यत्रम तथा क्षमता विकास सम्बन्धित कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन गरिनेछ।

२२. बस व्यवसायी संघ संस्थाहरु संग समन्वय गरी बुद्धभूमी नगरपालिकामा नगर बस सञ्चालन गर्न पहल गरिने छ।

२३. बुद्धभूमी नगरपालिकाको सम्पूर्ण वडाहरुको अव्यस्थित बसोबासलाई व्यवस्थित गरिने छ।

## **शिक्षा र संस्कृति सम्बन्धि नीति** :

१. प्राबिधिक शिक्षा, Polytechnic Institute को स्थापना, मौजुदा मा.बि. नि.मा.बि.मा प्राबिधिक शिक्षा सञ्चालन गर्नका लागी प्रोत्साहन गरिने छ।

२. विद्यालयको क्षमता अनुसार अंग्रेजी, नेपाली, अवधि, थारु एवं बहुभाषिक शिक्षण गर्नको लागि व्यवस्था गरिने छ।

३. नगरक्षेत्र भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधार्न कार्यक्रम सञ्चालन गरिने छ ।

४. नगर शिक्षा समिति र शिक्षा शाखा कार्यालय स्थापना गरी व्यवस्थित शिक्षा प्रणालीको बिकास गरिनेछ।

५. बालबालिकाको सर्वाङ्गिण विकास होस भनी गुणस्तर बृद्धि गर्न तालिमको व्यवस्था, प्रतिस्पर्धाको वातावरण, नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरी शिक्षक विद्यार्थीको संलग्नको र प्रस्तुतीको आधारमा सम्मान तथा पुरस्कृत गरिने छ।

६. सामुदायिक, संस्थागत, मदरसा तथा धार्मिक बिद्यालयहरुको समग्र ब्यवस्थापनका लागि बिशेष खालका कार्यक्रम सञ्चालन गरिनेछ।

७. सबैका लागि निरन्तर शिक्षा भन्ने नारालाई मुर्त रुप दिन अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

८. कला र संस्कृतिको बिकास र संरक्षण गरिनेछ।

९. "हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभुत शिक्षा" भन्ने नाराका साथ यस बुद्धभुमी नगरपालिकाका आधारभुत तह (४-१२)

उमेरसमुहका सामुदायिक विद्यालय संस्थागत विद्यालय, मदरसा, धार्मिक विद्यालय, बालविकास केन्द्रहरुको शैक्षिक तथ्याङ्ग विवरण अनुसार बुद्धभुमी नगरपालिकालाई पुर्ण भर्ना नगर घोषणा सम्पन्न भइसकेको हुँदा उक्त कार्यलाई निरन्तरता दिइनेछ। साथै सबै सामुदायिक विद्यालयहरुले तल्लो कक्षा उत्तीर्ण गरेको बालबालिकालाई निशर्त भर्ना गराई पठनपाठन गराउनु पर्नेछ।

१०. प्रारम्भिक बाल विकास केन्द्रहरुको पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ । यस कार्यमा दातृ निकाय सँगको साझेदारीलाई निरन्तरता दिने नीति लिइएको छ।

११. बालमैत्री शिक्षण विधि, निरन्तर विद्यार्थी मुल्याङ्गन जस्ता क्रियाकलापबाट सिकाई उपलब्धी वृद्धि गराउने कार्यलाई अनुगमन द्वारा जोड दिइनेछ।

१२. राष्ट्रिय प्रारम्भिक पठन सीप विकास कार्यक्रम (NEGRP) द्वारा बालबालिकाको सुनाई, बोलाई, पढाई, लेखाई बोध तथा शब्द भण्डारलाई बलियो बनाउन सबै पक्षलाई जिम्मेवारी बनाइने छ।

१३. विद्यालयहरुमा स्वास्थ्य तथा पोषण कार्यक्रम मार्फत विद्यालयको सरसफाई, भौतिक तथा वातावरण, जोखिम न्यूनीकरण, स्वस्थ्य र सुरक्षित बनाउने तर्फ विशेष ध्यान दिइने छ।

१४. मदरसा शिक्षाको मुलप्रवाहीकरणमा सघाउ पुऱ्याउन मदरसाहरुको पूर्वाधार निर्माणमा सघाउ पुऱ्याइने छ।

१५. विद्यालयहरुको शासकीय सुधार गरी पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गरी मर्यादित बनाइने छ।

१६. विद्यार्थी शिक्षक अनुपात एवं मौजुदा शिक्षक दरवन्दी र स्कुलको अवस्था हेरी जिल्ला स्तरमा दरवन्दी मिलानका लागि पहल गरिने छ। यदि जिल्ला स्तरबाट सो कार्य समयमै सम्पादन हुन नसके नीतिगत व्यवस्था गरी नगरपालिका भित्रका विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान कार्यको थालनी गरिने छ।

१७. सामुदायिक विद्यालयको कक्षा १-३ अनुमति प्राप्त भएका दरवन्दी नपाएका विद्यालयहरुलाई बढीमा २ जना पूर्व प्रा.वि. शिक्षक सरह मासिक पारिश्रमिक उपलब्ध गराउने र नेपाल सरकारको नियम अनुसार १ जना विद्यालय सहयोगीको व्यवस्था गरिने छ। साथै हालको स्रोत केन्द्रमा एक जना सहयोगीको अनिवार्य व्यवस्था गरिने छ।

१८. विद्यालयमा तालिम प्राप्त शिक्षकले आफ्नो सीपको प्रयोग अधिकतम होस र पेशागत मर्यादाको पालन गर्ने गरी करार गराई सो को अनुगमन तथा प्रतिवेदनको आधारमा सक्षम शिक्षकलाई पुरस्कृत र मापदण्ड अनुसार कार्य सम्पादन नगर्ने शिक्षक/कर्मचारीलाई स्पष्टीकरण लिई नियमानुसार कारवाही गरिने छ।

१९. सबै शिक्षक/कर्मचारीलाई पोशाक अनिवार्य भएकोले अस्थायी, राहत, करार, निजी शिक्षक/ कर्मचारीहरुलाई समेत विद्यालयको आन्तरिक आर्थिक अवस्था हेरी विद्यालयबाटै अथवा स्थानीय तहबाट पोशाकको व्यवस्थालाई अनिवार्य गराइने छ।

२०. शिक्षकहरुको क्षमता विकास गर्नको लागि शैक्षिक सामाग्री, पाठ्यक्रम तथा निर्देशिका सबै शिक्षकहरुलाई अनिवार्य गराई "एक शिक्षक एक झोला" कार्यक्रम लागू गरिने छ।

२१. विद्यालयमा उपलब्ध गराइएको सबै रकम एवं आन्तरिक स्रोतबाट संकलित रकमलाई खर्च गर्दा शिर्षक र रकम उल्लेख गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई सामाजिक परीक्षण समितिको अनुमोदन पश्चात चौमासिक हिसाब राखी माध्यमिक विद्यालयको हकमा कार्यालय सहायक लेखापाल (जि.शि.का. बाट नियुक्त भएका) र आधारभूत तहको हकमा लेखा राख्ने शिक्षकलाई लेखा सम्बन्धी तालिम व्यवस्था गरिने छ।

२२. पूर्व प्रा.वि. (बालविकास केन्द्र) का शिक्षकहरुलाई प्रा.वि. तहको समेत जिम्मेवारी बोध गराउन एवं विद्यालय समय सम्म शैक्षिक कार्यमा संलग्न रही रहन प्रोत्साहन सहित मासिक रु. १०००।- थप गर्ने व्यवस्था गरिएको छ।

२३. सम्पूर्ण सामुदायिक विद्यालयहरुमा एकरुपताको लागि एउटै शैक्षिक क्यालेन्डर (वार्षिक कार्यतालिका) निर्माण गरी सोही अनुसार वार्षिक कार्ययोजना बनाउनु पर्नेछ। जसको लागि ५ सदस्यीय समिति बनाई समयमै कार्य सम्पादनको जिम्मेवारी दिइने छ। र बालबालिकाहरुलाई उपलब्ध गराउँदा विद्यालयहरुले गतवर्षहरुमा जस्तै पद्धति अपनाई वितरण गर्ने व्यवस्था मिलाइएको छ।

२४. प्रा.वि. तथा नि.मा.वि. दरवन्दीहरुबाट मात्र मा.वि. सम्म सञ्चालन भएका विद्यालयहरुलाई एवं कम दरबन्दीबाट आधारभूत तह (नि.मा.वि.) सचालन भएका विद्यालयहरुलाई निजी स्रोत शिक्षक सहायत बापत सहयोग गरिने छ।

२५. प्रत्येक शिक्षक कर्मचारीहरुलाई बैंक मार्फत तलब भत्ता खुवाउने कानूनी व्यवस्था भएकोले सो लाई पूर्ण रुपमा कार्यान्वयन गराइने छ।

२६. सबै विद्यालयहरुको सबै पक्षको अनुगमन गरी नियमन गरिने छ।

२७. अनौपचारिक शिक्षालाई कार्यान्वयन गर्न CLC लाई जिम्मेवारी बनाइने छ। योजनाहरुको अध्ययनको लागि कार्यक्रम उपलब्ध गराइने र एउटा

CLC लाई प्रविधि युक्त बनाइने छ।

२८. शिक्षा क्षेत्रमा काम गर्ने संघसंस्था, NGO, INGO हरुले कार्यक्रमलाई स्थानीय तह शिक्षा शाखाबाट अनुमोदन गराई नगरपालिकाबाट स्वीकृत लिएर मात्र कार्यान्वयन गर्ने अनिवार्य व्यवस्थाको लागू गरिनेछ।

२९. नगरस्तरीय शिक्षा शाखाको प्रोफाइल तयार गरी सबै तथ्याङ्कहरुलाई व्यवस्थित र दुरुस्त राखिने छ र सबै विद्यालयहरुले अभिलेख व्यवस्थापन गरी अद्यावधिक गर्नु पर्नेछ।

३०. विद्यालयहरुलाई शैक्षिक सामाग्री, विज्ञान सामाग्री, बसाई व्यवस्थापन जस्ता कार्यक्रम ल्याइने छ।

३१. कुनै पनि शिक्षकले दरबन्दी, राहत, करारमा नियुक्ति भई १० देखि ४ बजे सम्म पठनपाठन गराउँदा माथिल्लो (९, १०, ११, १२) कक्षामा पठनपाठन गरेबापतको थप परिश्रमिक लिन बालबालिकाबाट शुल्क तथा सहयोग रकम लिन नपाइने व्यवस्था गरिने छ।

३२. शिक्षक तालिम बैठक आदि सञ्चालन गर्न व्यवस्थित तालिम हल तथा फर्निचर आदिको व्यवस्थापन गरिने छ।

३३. शिक्षा मन्त्रालयबाट अनुदान प्राप्त रकम शर्सत शीर्षक जस्तै : शिक्षकको तलब भत्ता, छात्रवृत्ति, पाठ्य पुस्तक, ननसेलरी पि.सी.एफ लगायतका शीर्षकहरुमा नपुग रकम फागुन मसान्त सम्म जिल्ला शिक्षा कार्यालय मार्फत माग गरिने छ।

३४. गरिब जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने व्यवस्था मिलाईने छ।

३५. विद्यार्थीहरुलाई भय रहित बातावरणमा शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिने छ।

३६. नेपालको संविधान बमोजिम मौलिक हकको रुपमा रहेको शिक्षा प्राप्तिको अधिकारलाई अनिवार्य र निःशुल्क कायम गर्न पहल गरिने छ।

## स्वास्थ्य सम्बन्धी नीति :

१. यस बुद्धभूमी नगरपालिकामा प्रसुति सेवा सहितको १५ सैयाको अस्पताल स्थापना गर्न पहल गरिने छ।

२. यस बुद्धभूमी नगरपालिकामा दमकल, एम्बुलेन्स सञ्चालनको लागि आवश्यक पहल गरिने छ।

३. स्वास्थ्य सेवालाई गरिब, विपन्न वर्गसम्म प्रभावकारी रुपमा प्रदान गरिनेछ।

४. बालमृत्युदर कम गराउन, बालबालिकाहरु कुपोषित नहुन भन्ने उद्देश्यले पोषण कार्यक्रमलाई अगाडी बढाउने प्रयास गरिनेछ।

५. कुपोषणहरुलाई बहुक्षेत्रीय निकायहरुसँग समन्वय सल्लाह, सुझाव लिई कार्यक्रमहरु अवलम्बन गरिनेछ।

६. कुपोषित बाल बालिकाहरुलाई पहिचान गरी आवश्यक ठाउँमा कुपोषण उपचार सेन्टरहरु विस्तार गरिनेछ।

७. परिवार नियोजन सेवाको प्रयोग दरलाई बढाइने छ।

८. विभिन्न समयमा देखा पर्ने आइपर्ने आकस्मिक स्वास्थ्य समस्याहरुलाई मध्यनजर राखी आवश्यक कोषको स्थापना गरिने छ।

९. सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक परिवेषलाई मध्य नजर राखी आवश्यक जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिने छ।

१०. प्रत्येक नगरबासीलाई शुद्ध खानेपानीको व्यवस्था गरिनेछ।

११. महिला शसक्तीकरण, किशोर, किशोरी, बालसंरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छ।

१२. निःशुल्क तथा गुणस्तरीय स्वास्थ्य उपचारका लागि नगरपालिकाको सबैलाई पायक पर्ने ठाउँमा १५ सैयाको प्रसुति सेवा सहितको सुविधा सम्पन्न अस्पतालको निर्माण गर्न पहल गरिनेछ।

१३. प्रत्येक वडाका आवश्यक पर्ने स्वास्थ्य चौकीमा गुणस्तरीय स्वास्थ्य सेवा सहितको वर्थिङ्ग सेन्टरहरु विस्तार गरिनेछ।

१४. स्वास्थ्य र सरसफाई सम्बन्धी बालविवाह सम्बन्धी जनचेतना अभिवृद्धि गरी २० बर्ष पछिको उमेरमा विवाह गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

१५. विद्यमान स्वास्थ्य संस्थाहरुको स्तरवृद्धि गरी आधारभूत स्वास्थ्यमा सबैको पहुँच कायम गरिनेछ।

१६. स्वास्थ्य संस्थाहरुमा बालमैत्री, किशोर किशोरीमैत्री, अपाङ्गमैत्री सेवाहरु सञ्चालन गरिनेछ।

१७. स्वास्थ्य कार्यक्रमहरुलाई थप टेवा दिने विभिन्न INGO, NGO, सरकारी कार्यालयहरु सँग समन्वय गरी स्वास्थ्यका कार्यक्रमहरु अगाडी बढाइनेछ।

१८. आफ्नो भवन नभएका स्वास्थ्य चौकीहरुलाई भवन निर्माण गर्ने कार्यलाई विशेष जोड दिइने छ, भौतिक पूर्वाधार युक्त स्वास्थ्य चौकीको अवधारणा बनाइने छ।

१९. प्रत्येक वडामा भएका स्वास्थ्य चौकीहरुमा आवश्यक उपकरण उपलब्ध गराईने छ। आवश्यक औषधी, खोप वितरण समूचित रुपमा उपलब्ध गराई रिफरल केन्द्रको रुपमा बिकसित गराई न.पा. केन्द्रमा आधुनिक सुबिधा सम्पन्न अस्पतालको निमार्ण गरिनेछ।

२०. आवश्यकता हेरी शहरी स्वास्थ्य केन्द्रहरु विस्तार गरिनेछ।

२१. बिद्यमान स्वास्थ्य संस्थाको बिकास र बिस्तार गरी आधारभुत स्वास्थ्य सेवामा सबैको पहुँच कायम गरिनेछ।

२२. स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिबृद्धि गरी एच.आई. भि. एड्स, लागू पदार्थ तथा दुर्ब्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि बिभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ।

## वन वातावरण तथा सरसफाई नीति :

१. नगर क्षेत्रमा प्लास्टीकको फोहरलाई निरुत्साहित गर्दै लगिनेछ।

२. नगरपालिकालाई पूर्ण सरसफाई यूक्त नगर घोषणा गर्ने तर्फ अभियान अगाडी बढाईने छ।

३. वातावरणीय सरसफाई सम्बन्धित नीतिहरु अवलम्बन गरिनेछ। फोहरको उचित व्यवस्थापनमा जोड दिइनेछ।

४. वातावरण संरक्षणका लागि जिल्ला वन कार्यालयसंग समन्वय गरी एक नगर अनेक उद्धान कार्यक्रम सफल गर्न आवश्यक कार्यहरु अगाडी बढाईने छ।

५. नगर भित्र बाढी पहिरो, आगलागी, भुकम्प, आदी जस्ता प्राकृतिक बिपत्ती तथा अन्य कृतिम बिपत्तीबाट तुरुन्तै राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी नेपाल प्रहरी, जिल्ला प्रहरी र नेपाल रेडक्रससंग समन्वय गरी तुरुन्तै प्राथमिक राहत र दिर्घकालिन योजना बनाउन न.पा.मा बिपत ब्यवस्थापन केन्द्र स्थापना गरिनेछ। बिपत ब्यवस्थापनका लागि अस्थायी Shelter को ब्यवस्था गरिने छ।

६. वातावरणमैत्री स्थानयि सरकार (EFLG) अवधारणा अनुरुप हालै नेपाल सरकारले जारी गरिएको ramworks का परिसुचकहरुलाई नगरपालिकामा लागू गर्ने 'वातावरण मैत्री नगरपालिका बनाउन क्रियाकलाप कार्यान्वय गरिनेछ।

## उद्योग/घरेलु उद्योग सम्बन्धि नीति:

१. बजार क्षेत्रमा उद्योग स्थापनाका लागि पहल गर्ने।

२. घरेलु तथा साना उद्योगको बिकास र प्रवद्धनमा जोड दिईनेछ।

३. नगरपालिकाको निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा बिकास गरिने छ।

द्ध। स्थानिय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिईनेछ।

## लक्षित वर्गसंग सम्वन्धित नीतिहरु :

१. महिला, बालबालिका, दलित,आदिवासी जनजाति, जेष्ठ नागरिक, मधेशी, मुस्लिम, अपाङ्गता भएका तथा पिछडिएका वर्गलाई सामाजिक परिचालनको माध्यमद्वारा सशक्तिकरण र आर्थिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ साथै उक्त कार्यक्रम गैरसरकारी संस्था, महिला समूह, आदिवासी जनजाति, दलित समुदायका समुह संस्थाहरुसंगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।

२. हिंसा पिडित, एकल महिला, जोखिममा परेर वैदेशिक रोजगारीबाट फर्केका महिला, बेसहारा एवं अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षण र प्रवर्द्धन गर्न उक्त क्षेत्रमा कार्यरत गै.स.स, महिला तथा बालबालिका कार्यालयसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

३. महिला स्वास्थ्य स्वंम सेविकाहरुको उत्कृष्ट सेवालाई प्रोत्साहन गरिने कार्यक्रम संचालन गरिनेछ ।

४. नगरलाई बालमैत्री नगर बनाउन बालमैत्री स्थानीय शासन सम्वन्धी रणनीतिक योजना तयार गरि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा अन्य साझेदारसँग समन्वय र साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ।

५. बाल मैत्री स्थानिय शासन अनुरुपमा बिबिध कार्यक्रमहरु सञ्चालन गरिनेछन।

६. मातृ शिशु स्वास्थ्यमा सुधार ल्याउनका लागि नमूनाको रुपमा कुनै एक विपन्न वस्तिमा सुनौला हजार दिन कार्यक्रम संचालन गर्न संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय, बिकास साझेदार निकायसंग समन्वय गरी कार्यक्रम संचालन गर्न पहल गरिने छ।

७. नगरपालिकाको अपाङ्गता प्रोफाईल तयार गर्न सम्बन्धित क्षेत्रमा कार्यरत गैरसरकारी संस्थासंग समन्वय गरी कार्यक्रम संचालन गरिने छ।

८. राज्यका गहनाको रुपमा रहेका जेष्ठ नागरिकको मनोबल उच्च राख्न जेष्ठ नागरीक सम्मान कार्यक्रमलाई अगाडी बढाईने छ।

९. नगरपालिकामा रहेका बिद्यमान बढ्दो शैक्षिक बेरोजगारलाई मध्येनजर गर्दै महिला, आदिबासी, दलित, जनजातीका युवाहरुलाई लक्षित गरी स्वरोजगार मुलक तालिम तथा क्षमता बिकास सम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिईने छ।

१०. बाल बालिकाको चौतर्फि बिकासका लागी प्रतियोगिता, मनोरञ्जनात्मक र साहसिक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. भिन्न क्षमता भएका नागरिकका लागि बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन।

## यूवा तथा खेलकुद नीति :

१. खेलकुद समुचित बिकास गर्न खेलकुद समिति निमार्ण गरी पूर्वाधारको निमार्ण, सिकाई, प्रतियोगिता आदीको आयोजना गरिनेछ।

२. यस नगरपालिकामा अवस्थित खेल मैदानहरुलाई पुर्वाधारयूक्त सुबिधा सम्पन्न रंगशाला बिकास गरिने छ।

## कृषिसंग सम्बन्धित नितिहरू :

१. गाँउको कृषि तथा पशु निति बमोजिम एकिकृत पशु तथा कृषि सम्बधित कार्यक्रम संचालन गरी ब्यवसायिक कृषि तथा पशु पालन कार्यक्रमलाई प्रोत्साहन दिईने छ।

२. दिगो तथा समाबेसी कृषि बिकासको माध्यमबाट गरिबि न्युनिकरणमा टेवा पुर्‍याउदै नगर भित्रका कृषि योग्य जमिनहरुमा बढ्दो जनघनत्व एवं आवास क्षेत्रहरु बिस्तारित हुदै गइरहेको अवस्थामा बचेको कृषि योग्य जमिनलाई संरक्षण गरी प्राङ्गगारिक खेतिलाई प्रोत्साहन गर्दै उच्च मुल्य प्राप्त गर्ने खालका नगदेबाली उत्पादनमा कृषकलाई प्रोत्साहन गर्ने निति लिइनेछ।

३. उर्वर जमिनलाइ भुमाफियाहरुले खण्डिकृत गरी जग्गा प्लटिङ्ग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

४. स्थानिय कृषकहरुको उत्पादन सहज बिक्रि बितरणका लागी केन्द्र हाटबजार चिस्यान केन्द्रहरु स्थापना गरिनेछ।

५. कृषि पशु भु-उपयोग गुरुयोजना बनाईने छ।

६. नगरबासीहरुलाई स्वस्थ्यकर मासुका लागि ब्यवस्थित पशु बधशाला निर्माणका लागि मासु ब्यवसायीहरु संग सहकार्य र समन्वय गरिने छ।

७. नगरमा उत्पादन बजारमा बजारीकरण गर्ने ब्यवस्था मिलाईने छ।

८. बुद्धभूमी नगरको १० वटा वडामा प्रत्येक एक गाउँमा प्राबिधिक तालिम उपलब्ध गराई एक गाउँ एक उत्पादन कार्यक्रम प्रत्येक ग्रामिण घरमा कम्तीमा एक जना रोजगार श्रृजना गरिनेछ।

९. गाउँ गाउँमा आर्थिक बिकासका लागी उत्पादनमूलक घरेलु कार्यक्रम लागू गरिनेछ।

१०. आधुनिक प्रबिधियूक्त कृषि कार्यक्रमलाई प्रोत्साहन गरिने छ। पशुपंक्षी पालन र कृषि आत्मनिर्भर हुने कार्यक्रम अगाडी बढाईने छ।

११. ब्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुर्‍याउने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

१२. कृषि उपजमा किटनासक औषधीको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिईनेछ।

## सूचना प्रविधिसंग सम्वन्धित नीतिहरू :

१. व्यक्तिगत घटना दर्ता कार्यलाई वैज्ञानिक एवं प्रभावकारी बनाउन कार्यालयमा कम्प्यूटर सफ्टवेयर मार्फत घटनादर्ता गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२. कार्यालयमा अनिवार्य Internet को प्रयोग गर्ने व्यवस्था मिलाइनेछ र नियमित रुपमा मन्त्रालयमा पठाउनु पर्ने प्रतिवेदनहरु e-copy बाटै लिने कार्यलाई अझ प्रभावकारी वनाईनेछ।

३. दूरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ बनाउन पहल गरिने छ। ICT प्रणालीलाई आधुनिकतम उपकरण उपयोग गरि प्रत्येक नागरिकलाई सुशुचित गरिने छ।

४. नगरपालिकावाट संचालित विविध विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ।

५. सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकाले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्नो गतिविधिहरुलाई विभिन्न माध्यमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजानिक गर्ने व्यवस्था मिलाईनेछ।

६. स्थानिय पत्रिका, F.M. रेडियो र टेलिभिजनहरु मार्फत नगरका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछ।

७. सूचना तथा संचार क्षेत्रमा संरक्षण, प्रवर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

८. खोजमूलक र अनुसन्धानमूलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।

## जनसंख्या तथा सामाजिक विकास नीतिहरु :

१. बालमैत्री स्थानिय शासनमा बाल सहभागिता प्रबर्द्धन गर्दै गाँउका बालकालिकाको शारिरीक मानसिक विकास साथै क्षमता विकासलाई बाल संजाल तथा बाल क्लव गठनका साथै उत्कृष्ट विद्यार्थी सम्मान, खेलकुद सामाग्रीहरु वितरण र बाल उद्यान निर्माण कार्य गर्दै लगिनेछ।

२. बाल श्रम न्यूनीकरण, बाल शोषणको अन्त्य, घरेलु बालश्रमिकको पुनः स्थापना, द्धन्द्ध पिडित जोखिममा परेका बालबालिकाको पुनः स्थापना गर्न' विभिन्न संघ संस्थाहरुसंग समन्वय गरिनेछ

३. नगरपालिका क्षेत्र भित्रका प्राथमिक स्वास्थ्य चौकीका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

४. नगरपालिका कार्यालयलाई अपाङ्ग मैत्री बनाउन आवश्यक पूर्वाधार निर्माण तथा क्षमता विकासको लागी आवश्यक बजेट विनियोजन गरिनेछ।

५. सहभागीता मुलक र प्रतिनिधित्व युक्त सामुदायिक विकासका लागि टोल सुधार समिति र टोल विकास संस्था दर्ता गराई सो मार्फत कार्य गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ। टोल विकास संस्थालाई क्षमता वृद्धि गरि थप भूमिका प्रदान गर्दै राजस्व वृद्धिका क्रियाकलापमा परिचालन गरिनेछ।

६. नगरपालिका क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाईलाई वातावरण अनुकुल, नागरिक स्वास्थ्य अनुकुल बनाउन बजार अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ।

७. वातावरण संरक्षण ऐन, २०५३ तथा सोको नियमावली, २०५४ ले वातावरण संरक्षण सम्बन्धि विभिन्न व्यवस्थाहरु गरेको वातावरण निर्देशिका, २०६१ अनुसार वातावरण संरक्षण कार्यक्रम तर्जुमा गरि लागु गरिनेछ।

८. सामाजिक परिचालनको निर्देशिका माध्यमबाट समाजमा पछि परेका समुदायलाई सशक्तिकरण गरी राज्यको मुलप्रवाहीकरणमा ल्याउने उद्देश्यले सबै वडाहरुमा विभिन्न समूहलाई योजना प्रक्रियामा समावेश गराइने छ साथै सामाजिक परिचालन कार्यक्रमलाई अझ प्रभावकारी बनाई उत्कुष्ट कार्य गर्ने समुहलाई पुरस्कुत गरिनेछ।

## पर्यटन सम्बन्धि नीतिहरु

१. नगरलाई पर्यटकीय स्थल बनाउन पर्यटन वोर्ड एवं अन्य सरोकारवालहरुसँग समन्वय गरी पर्यटन प्रवद्धनात्मक कार्यक्रम संचालन गरिनेछ। ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ। साथै प्राकृतिक र पर्यटकीय स्थलहरुको पहिचान गरी तिनीहरुको संरक्षण र प्रवर्द्धनमा टेवा पुग्ने किसिमका विकास निर्माणका कार्यहरुलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ।

२. नगरपालिका भित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण गर्ने नीति लिइनेछ।

३. पर्यटकीय तथा हरित नगरको रुपमा विकासका लागी पर्यटकीय स्थलहरु पार्क, भ्यूटावरहरु निर्माणमा प्राथमिकता दिईनेछ साथै धेरै नागरिकहरुको चहलपहल हुने सार्वजानिक स्थलहरुमा सार्वजानिक शौचालय (पि.पि.पि) अवधारणा अनुसार संचालन गरिनेछ।

४. जैविक विविधतालाई संरक्षण गर्ने उचित नीति लिईनेछ।

५. नगरको मुख्य बजार क्षेत्रमा सडक वत्ति व्यवस्थापन गर्न सौर्यउर्जा प्रविधिका लागि बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सहकार्यमा सडक बत्ति जडान गरिनेछ।

६. आन्तरिक एवं बाह्य पर्यटन भित्राउन सहयोग पुग्ने खालका पर्यटकिय स्थलहरुको पहिचान, संरक्षण र बिकास गरिनेछ।

७. बिभिन्न पर्यटनका लागि पार्कको निमार्ण गरिने छ।

८. बिभिन्न पर्यटकिय स्थानको पूर्वाधार निमार्ण गरी होमस्टे, प्राचिन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको बिकास गरिने छ ।

९. यस बुद्धभूमी नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटन वृद्धि गर्नका लागि बुद्ध पार्क तथा पिकानिक स्थलहरुको निर्माण गरिने छ।

## वस्ती विकास, शहरी योजना र भवन सम्बन्धी नीतिगत निर्णयहरू

१. घरकर नकाटिएको तर निर्माण सम्पन्न भएका घरहरुका लागि अन्तिम पटक मिति २०७४ साल मंसिर मसान्तसम्म घर कर काटिने र पूर्व निर्मित घरहरुको अभिलेख २०७४ साल फागुन मसान्तभित्र अनिवार्य रुपमा घर नक्शा अभिलेख राख्नुपर्नेछ। सोका लागि सम्बन्धित वडा समिति मार्फत घरधनीहरुलाई प्रभावकारी रुपमा सुचित गराउने व्यवस्था मिलाईने छ।

२. घर नक्शा अभिलेख गर्दा घर नक्शा अभिलेख प्रयोजनका लागि तपसिलका ३ विवरणहरुको अध्ययन गरी न्यूनतम घडेरीको क्षेत्रफल कायम गरी अभिलेख राखिनेछ।

क) घरको छज्जा सार्वजनिक जग्गामा परेको घरधनीसँग कबुलियतनामा गरी नगरपालिकाले चाहेको खण्डमा भत्काउने र सो भत्काउन लागेको खर्च स्वयं घरधनीले व्यर्होने गरी घरनक्शा अभिलेख राख्न सकिनेछ।

ख) घरको पिल्लर सार्वजनिक बाटोमा परेको सार्वजनिक बाटो र कुलोमा घर नक्शा अभिलेखराख्न नसकिने ।

ग) घरको पिल्लर सार्वजनिक जग्गामा परेको छुट फरक भित्र परेको (६२.५ से.मी.) र निर्माण भएको घरको सम्बन्धमा कसैको सन्धी सर्पन नपर्ने र संधियारलाई असर नपर्ने भनी वडा समितिबाट सिफारिस भई आएमा नगरपालिकाले चाहेको बखत भत्काउने कबुलियतनामा गराई घर नक्शा अभिलेख राख्न सकिने छ।

३) घरको संरचना संधियारको जग्गामा परेको नापी कार्यालयबाट जग्गा रेखांकन गरेपछि उक्त संरचनामा परेको जग्गा हरेक घरधनीले आफ्नो नाममा पास गर्न मिल्ने अवस्थामा आफ्नो नाममा पास गरी अभिलेख गर्न सकिनेछ। कित्ताकाट गर्न नसकिने अवस्थामा संधियारको लिखित मंजुरिनामा गरी घर नक्शा अभिलेख गर्न सकिनेछ।

४. नक्शामा बढी भएको फिल्डमा कम भएको फिल्डको आधारमा घरनक्शा अभिलेख राख्न सकिनेछ।

५. नक्शामा भन्दा फिल्डमा बढी भएको संधियारको मंजुरिनामा र वडा समितिको सिफारिसमा घरनक्शा अभिलेख राख्न सकिनेछ।

***नोट : माथि उल्लेखित भएकोमा बाहेक अन्य सम्पूर्ण अवस्थामा बुद्धभूमी नगरपालिका भवन निर्माण मापदण्ड २०७४ बमोजिम हुनेछ।***

६. सार्वजनिक प्रति जग्गाहरुमा तारवार गरी संरक्षण गर्ने नीति लिइनेछ।

## मर्मत सम्भार सम्बन्धी नीति

१. सवै वडाहरुमा वाह्रै महिना सवारी साधन चल्न सक्ने सडक (All Weather Road) बनाउन मर्मत संभार कोष स्थापना गरी सोवाट काम गरिनेछ।

२. नगरपालिकामा रहेका पुराना सवारीसाधनहरु मध्ये चलाउन मिल्ने खालका सवारी साधनलाई मर्मत गरिनेछ र चलाउन नमिल्ने खालका सवारी साधनलाई कानूनी प्रक्रिया पुरयाई लिलाम विक्रि गरिनेछ।

## योजना व्यवस्थापनमा सुधार तर्फका कार्यहरू

१. स्वीकृत योजनाहरु उपभोक्ता समिति मार्फत प्रभावकारी ढंगले संचालनका लागी समितिलाई नगरपालिका मा सुचिकृत गरि प्रभावकारीरुपमा संचालन गरिनेछ।

२. योजनाहरुको जाँचपास तथा फरफारक गर्ने कार्यको लागि जाँचपास समितिलाई क्रियाशिल बनाईनेछ।

३. उपभोक्ता समितिहरु समावेशी रुपमा गठन गर्ने प्रयास गरिनेछ र तिनको क्षमता विकासका लागि तालिम कार्यक्रमहरु संचालनको व्यवस्था मिलाईनेछ।

४. प्रत्येक योजनाको लागि स्थानीय तहमै अनुगमन समिति गठन गरी कृयाशिल बनाईनेछ।

५. निश्चित अवधिभित्र योजना सम्झौता नगरे रकम फ्रिज गर्ने घटाउने वा विकल्प व्यवस्था गरि समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।